मितिः २०८१।०८।१०

# बुढानीलकण्ठ नगरपालिकाको ५५ औं कार्यपालिका बैठकका निर्णयहरु

१. यस बुढानीलकण्ठ नगरपालिकाको संवत् २०८१ साल कार्तिक ०८ गते सम्पन्न ५४ औं कार्यपालिका बैठकका निर्णयहरुका सम्बन्धमा समीक्षा गरियो।

२. यस बुढानीलकण्ठ नगरपालिकाको राजस्व व्यवस्थापन शाखाबाट बैठकमा पेश भएको चालु आ.व.२०८१/८२ को प्रथम चौमासिकसम्मको राजस्व सङ्कलनको विवरण सम्बन्धमा समिक्षा गरियो।

३. सम्वत् २०८१ मङ्सिर १६ गते आइतबार बुढानीलकण्ठ नगरपालिकाको ११ औं नगर स्थापना दिवसको अवसरमा नगरवासीहरुमा शुभकामना आदान प्रदान (चियापान समेत) कार्यक्रमका दिन एक दिन नगर कार्यपालिका कार्यालय र वडा कार्यालयहरुको अत्यावश्यक बाहेकका सेवा प्रवाह बन्द गर्ने तर सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई उक्त कार्यक्रममा अनिवार्य उपस्थितिको लागि निर्देशन दिने।

४. बुढानीलकण्ठ नगरपालिकाको व्यवस्थापनमा संवत् २०८१ कार्तिक २७ गते हरिबोधिनी एकादशीदेखि ३० गते पूर्णिमाको दिनसम्म बुढानीलकण्ठ मन्दिरमा हरिबोधिनी एकादशी मेला सञ्चालन गर्दा विविध शीर्षकमा भएको खर्च रकम रु.१८ लाख ५० हजारको खर्च अनुमोदन गर्ने तथा सो खर्च रकम मध्ये ५४ औं कार्यपालिका बैठकको निर्णय नं.२.३ बमोजिम विनियोजित रकममा नपुग रकम रु.८ लाख ५० हजार नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ भाषा, कला, साहित्य कार्यक्रम अन्तर्गत सि.नं.५ स्थानीय जात्रा, धर्म, पर्व, परम्परागत तथा मौलिक सँस्कृति चाडपर्व शीर्षकबाट भुक्तानी दिने।

५. मृगौला प्रत्यारोपण गरेका/ डायलइसिस गराइरहेका/ क्यान्सर रोग निदान भएका/ मेरुदण्ड पक्षघात निदान भएका व्यक्तिलाई नेपाल सरकारद्वारा प्रतिव्यक्ति/प्रति महिना रु.५ हजारका दरले प्रदान गरिने औषधि उपचार खर्च बापत नेपाल सरकारबाट प्राप्त रकममा नपुग रकम रु.३७ लाख ४० हजार मात्र नगरपालिकाको आन्तरिक स्रोतबाट भुक्तानी गर्ने र उक्त रकम नेपाल सरकारसंग जनस्वास्थ्य महाशाखाले तत्काल सोधभर्ना माग गर्ने।

६. नगर कार्यपालिकाको प्रमुख प्रशासकीय कार्यालयमा सञ्चालित चमेनागृह हटाउने वा सुधार गर्ने सम्बन्धमा अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्न प्रशासन महाशाखा प्रमुखलाई जिम्मेवारी दिने।

७. नगरपालिकाको सार्वजनिक जग्गा तथा सरकारी सम्पत्ति संरक्षण र उपयोग समितिबाट पेश भएका प्रस्तावहरु सम्बन्धमा देहाय बमोजिम गर्ने।

७.१ नगरपालिकाभित्र रहेका सरकारी/सार्वजनिक जग्गाहरु नापनक्सा गर्ने प्रयोजनका लागि मात्र प्राविधिक (अमिन) पाँच जना र चेन मेन दश जना दैनिक ज्यालादारीमा नियुक्ति गर्ने।

७.२ नगरपालिकाभित्र रहेका सरकारी/सार्वजनिक जग्गाहरु नापनक्सा गर्ने प्रयोजनका लागि मात्र फिल्डमा खटिने समितिका पदाधिकारीमध्ये १ जना, सम्बन्धित वडा समितिका प्रतिनिधिमध्ये १ जनालाई नियमानुसार फिल्ड भत्ता र अन्य कर्मचारीलाई कार्यालय समय बाहेक काम गरे बापत अतिरिक्त समयको भत्ता नियमानुसार दिने।

७.३ नापजाँच गरी सिमाङ्कन गरिएका सार्वजनिक जग्गाहरुमा पिलर र आवश्यकता अनुसार तार जाली लगाई संरक्षण गर्न नगरस्तरीय वार्षिक योजनाको पूँजीगत खर्चतर्फको सि.नं.११३ सार्वजनिक जग्गा संरक्षण शीर्षकबाट भुक्तानी हुने गरी रु.१० लाख स्वीकृत गर्ने।

७.४ सार्वजनिक जग्गा नापजाँच गरी सिमाङ्कन गर्नका लागि आवश्यक Topcon Total Station GM-52, Quantity-1 and Single Prism Set (Prism, Pole and Clamp) Quantity-2 खरिद गर्न नगरस्तरीय वार्षिक योजनाको पूँजीगत खर्चतर्फको सि.नं.११३ सार्वजनिक जग्गा संरक्षण शीर्षकबाट भुक्तानी हुने गरी रु.८ लाख २० हजार स्वीकृत गर्ने।

८. नगरपालिका र उपभोक्ता समितिको ५०/५० प्रतिशत सहलगानीमा सञ्चालन हुने गरी माग भई आएका तपसिल बमोजिमका आयोजना सञ्चालनको लागि नगरस्तरीय पूँजीगत खर्चतर्फको सि.नं.१०५ को आन्तरिक सह-लगानीबाट व्यहोर्ने गरी निम्नानुसार रकम स्वीकृत गर्ने।

| क्र.सं. | वडा नं. | माग गर्नेको नाम | आयोजनाको विवरण | नगरपालिकाले व्यहोर्ने रकम |
|---|---|---|---|---|
| १. | २ | गणेश ओरालो मार्ग ढल निर्माण उपभोक्ता समिति | गणेश ओरालो मार्गमा ढल निर्माण | रु.२,६९,६६०/- |
| २. | २ | वडा कार्यालय | सामुदायिक मार्गमा वाल निर्माण | रु.१,७२,६१५/- |
| २. | ११ | जगडोल गैरीगाउँ उपभोक्ता समिति | जगडोल गैरीगाउँमा बाटो ढलान | रु.१,१८,३४५/- |

९. देहायका आयोजना/निर्णयहरु तपसिल बमोजिम संशोधन गर्ने।

| क्र.सं. | वडा नं. | साविक आयोजनाको विवरण | संशोधित आयोजना विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | १ | नगरस्तरीय योजनाको पूँजीगत खर्च शीर्षकतर्फ सि.नं.४, फूटसल ग्राउण्ड सडक जाने बाटो निर्माण, रु.२५ लाख | नगरस्तरीय योजनाको पूँजीगत खर्च शीर्षकतर्फ सि.नं.२, नागीगुम्बा जाने विभिन्न ठाउँमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | सडक ढलान रु.१५ लाखमा रु.१० लाख थप गरी २५ लाख कायम गर्ने। | |
| | | | महादेव खोलास्थित लक्ष्मण थापाको घर छेउमा ढल तथा सडक ढलान, रु.१५ लाख | |
| २. | १ | नगरस्तरीय योजनाको पूँजीगतखर्च शीर्षकतर्फ सि.नं.५, फुलवारी मार्ग सडक ढलान, रु.१२ लाख र वडास्तरीय योजनाको पूँजीगत खर्च शीर्षकतर्फ सि.नं.५, फुलबारी भित्री बाटो ढल तथा ढलान रु.७ लाख | दुबै आयोजना मर्ज गरी फुलबारी मार्ग सडक ढलान, भित्री बाटो ढल तथा ढलान र ज्याम्ले खोला स्थित रेलिङ निर्माण, रु.१९ लाख कायम गर्ने। | |
| ३. | १ | वडास्तरीय योजनाको पूँजीगत खर्च शीर्षकतर्फ सि.नं.१२, चौकी डाँडा मन्दिर निर्माण, रु.५ लाख र सि.नं.१४, डुकुर्नीदेवी मन्दिरमा साँस्कृतिक झल्किने गरी दाँची लगाउने, रु.५ लाख | दुबै आयोजना मर्ज गरी डुकुर्नीदेवी मन्दिरमा साँस्कृतिक झल्किने गरी दाँची लगाउने, रु.१० लाख कायम गर्ने। | |
| ४. | २ | नगरस्तरीय योजनाको पूँजीगतखर्च शीर्षकतर्फ सि.नं.१२ पुष्पवाटीका पार्क तथा सडक स्तरोन्नती, रु.१० लाख | पुष्प वाटिका पार्क भित्र रहेको योग भवनको फल सिलिङ लगायत भवनको बाँकी काम र पार्कको पूर्वाधार निर्माणमा बाँकी रहेको अन्य काम गर्न, रु.१० लाख | |
| ५. | २ | नगरका क्रमागत आयोजनाहरु अन्तर्गत पूँजीगत खर्च शीर्षकतर्फ सि.नं.२, जेष्ठ नागरिक भवन निर्माण, रु.२५ लाख | जेष्ठ नागरिक भवनको बाँकी काम निर्माण, रु.१० लाख | |
| | | | ज्येष्ठ नागरिक भवनको लागि आवश्यक सामाग्री खरिद, रु.१५ लाख | |
| ६. | ७ | वडास्तरीय योजनाको पूँजीगत खर्च शीर्षकतर्फ सि.नं.६, वडाभित्र विभिन्न ठाउँमा बाटो मर्मत, रु.१० लाख | सानातिना मर्मत सम्भार, रु.१० लाख | |
| ७. | ९ | वडास्तरीय योजनाको पूँजीगत खर्च शीर्षकतर्फ सि.नं.१२, सि.सि.टि.भि. क्यामेरा जडान, रु.१५ लाख | सि.सि.टि.भि. क्यामेरा जडान, रु.१० लाख | |
| | | | विविध तारहरु व्यवस्थापन, रु.५ लाख | |

| | | | | |
|---|---|---|---|---|
| ८. | ११ | वडास्तरीय योजनाको पूँजीगत खर्च शीर्षकतर्फ सि.नं.१२, प्रहरी तालिम केन्द्र गेट अगाडी ग्याबिन वाल निर्माण, रु.१० लाख | प्रहरी तालिम केन्द्र गेट अगाडि प्लम वाल निर्माण, रु.१० लाख | |
| ९. | १२ | सोलुडाँडा उपभोक्ता समितिसँग सडक निर्माण गर्नको लागि नगरपालिकासँग भएको सम्झौता रु.१० लाख रद्द गर्ने | त्रिज्योती माथिको नागथान एरियामा बाटो ढलान गर्न, रु.१० लाख। | |

१०. दायित्व सार्न छुट भई भुक्तानी नभएका आयोजना/कार्यक्रमहरुको सम्बन्धमा देहाय बमोजिम गर्ने।

१०.१ वडा नं.६ स्थित ईटालीटार सडक विस्तारको क्रममा सडक चौडा गर्दा भत्कीएका प्रचलित मापदण्ड बमोजिम निर्मित घरका कम्पाउण्ड वालहरुको निर्माण गर्न ४५ औं कार्यपालिका बैठकबाट स्वीकृत रु.१५,२०,७२०/- नगरस्तरीय वार्षिक योजनाको पूँजीगततर्फ सि.नं.१०१ दायित्व सार्न छुट योजनाको भुक्तानी शीर्षकबाट भुक्तानी दिने।

१०.२ वडा नं.६ र ७ को श्री नौलिन भद्रकाली रथ जात्रा व्यवस्थापनका लागि ४६ औं कार्यापालिका बैठकबाट स्वीकृत भएको रु.२ लाख ५० हजार नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.४१ अत्यावश्यक योजना तथा कार्यक्रम सञ्चालन शीर्षकबाट भुक्तानी हुने गरी स्वीकृत गर्ने।

११. विविध विषयहरुका सम्बन्धमा देहाय बमोजिम गर्ने।

११.१ वडा नं.२ स्थित गणेश स्कुल जाने सडक ढलान आयोजनामा अपुग रकम रु.२ लाख ३० हजार नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.४१ अत्यावश्यक योजना तथा कार्यक्रम सञ्चालन शीर्षकबाट भुक्तानी हुने गरी स्वीकृत गर्ने।

११.२ वडा नं.३ स्थित सनराइज बोर्डिङ स्कुलदेखि प्राधिकरणसम्मको बाटो निर्माण/मर्मत गर्न नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.४१ अत्यावश्यक योजना तथा कार्यक्रम सञ्चालन शीर्षकबाट भुक्तानी हुने गरी रु.७ लाख स्वीकृत गर्ने।

११.३ वडा नं.५ स्थित शाही टोल खानेपानीको अफिस व्यवस्थापनको लागि ट्रस निर्माण कार्यका लागि अपुग रकम रु.४ लाख ८० हजार नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.४१ अत्यावश्यक योजना तथा कार्यक्रम सञ्चालन शीर्षकबाट भुक्तानी हुने गरी स्वीकृत गर्ने।

११.४ वडा नं.५ स्थित भक्तिवेदान्त हस्पिटल एण्ड रिसर्च इन्स्टिच्यूटको तला थप गर्न ल.ई. बमोजिम चालु आ.व.मा विनियोजित बजेटबाट नपुग रकम रु.९,५०,१६१/७६ सुनिश्चित गरी ठेक्का मार्फत खरिद प्रकृया अगाडी बढाउने।

११.५ वडा नं.५ स्थित इस्कोन नेपालको परिसरभित्र आध्यात्मिक पुस्तकालय एवं राधाकृष्ण मन्दिर पूर्वाधार निर्माण सम्बन्धी कार्य गर्न ल.ई. बमोजिम चालु आ.व.मा विनियोजित बजेटबाट नपुग रकम रु.२१,६२,७६४/१२ सुनिश्चित गरी ठेक्का मार्फत खरिद प्रकृया अगाडी बढाउने।

११.६ बुढानीलकण्ठ नगरपालिकाको रोहबरमा बुढानीलकण्ठ बृहत खानेपानी उपभोक्ता समिति र सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, हेटौंडाबीच आयोजनाले कुल लागतको ७० प्रतिशत र उपभोक्ता समितिले ३० प्रतिशत व्यहोर्ने गरी भएको सम्झौता अनुसार यस नगरपालिका र बुढानीलकण्ठ बृहत खानेपानी उपभोक्ता समितिबीच भएको सम्झौता बमोजिम नगरपालिकाले बहन गर्न बाँकी रहेको कुल लागतको ५ प्रतिशत रकम रु.१,१४,५७,६८०/- (अक्षरेपी एक करोड चौध लाख सन्ताउन्न हजार छ सय असी रुपैयाँ मात्र) नगरसभाको १५ औं अधिवेशनबाट अनुमोदन हुने गरी नगरस्तरीय योजनाको पूँजीगततर्फ सि.नं.१०७ जिप लाइन निर्माण शीर्षकबाट भुक्तानी हुने गरी सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना र बुढानीलकण्ठ बृहत खानेपानी उपभोक्ता समितिको संयुक्त नाममा प्रभु बैंक हात्तीगौंडामा रहेको संयुक्त खातामा रकम जम्मा गर्ने।

११.७ बुढानीलकण्ठ नगरपालिकाको रोहबरमा लोकेश्वर खानेपानी उपभोक्ता समिति र सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, हेटौंडाबीच आयोजनाले कुल लागतको ७० प्रतिशत र उपभोक्ता समितिले ३० प्रतिशत व्यहोर्ने गरी भएको सम्झौता अनुसार यस नगरपालिका र लोकेश्वर खानेपानी उपभोक्ता समितिबीच भएको सम्झौता बमोजिम नगरपालिकाले बहन गर्न बाँकी रहेको कुल लागतको ५ प्रतिशत रकम रु.८२,१९,१२८/७५ (अक्षरेपी बयासी लाख उन्नाइस हजार एक सय अठ्ठाइस रुपैयाँ पचहत्तर पैसा मात्र) नगरसभाको १५ औं अधिवेशनबाट अनुमोदन हुने गरी नगरस्तरीय योजनाको पूँजीगततर्फ सि.नं.१०७ जिप लाइन निर्माण शीर्षकबाट भुक्तानी हुने गरी सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना र खानेपानी उपभोक्ता समितिको संयुक्त नाममा प्रभु बैंक हात्तीगौंडामा रहेको संयुक्त खातामा रकम जम्मा गर्ने।

११.८ वडा नं.८ स्थित हात्तीगौंडा हाईटमा विद्युत पोल स्थानान्तरण गर्नका लागि नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.३३ प्राधिकरणसँग सहकार्यमा पोल स्थानान्तरण शीर्षकबाट भुक्तानी हुने गरी रु.३४,५५१/३५ स्वीकृत गर्ने।

११.९ वडा नं.९ स्थित कुमारी मन्दिरमा बोरीङ्गका लागि अपुग रकम रु.१ लाख नगरस्तरीय योजनाको पूँजीगततर्फ सि.नं.१०७ जिप लाइन निर्माण शीर्षकबाट भुक्तानी हुने गरी स्वीकृत गर्ने।

११.१० वडा नं.१० को कार्यालयमा बोरिङ खन्नको लागि ४९ औं कार्यपालिका बैठकको निर्णय नं.९.४ बमोजिम स्वीकृत रु.१ लाख ५० हजार नगरस्तरीय वार्षिक योजनाको पूँजीगततर्फ सि.नं.१०७ जिप लाइन निर्माण शीर्षकबाट भुक्तानी दिने।

११.११ नगरपालिकाको जनस्वास्थ्य निरीक्षक/छैटौं तहमा कार्यरत कर्मचारी ममता शाह (क.सं.नं.२०९१७३) लाई नेपाल सरकार, चिकित्सा शिक्षा आयोगको चिकित्सा शिक्षा स्नातक

तह (MECEE-BL 2025) कार्यक्रमको छात्रवृत्तितर्फ पोखरा विश्वविद्यालय, Modern Technical College मा BPH (Bachelor of Public Health) अध्ययन गर्न छात्रवृत्ती सहित मनोनयन भएकोले बागमती प्रदेश सरकार, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५९ को उपदफा ५ र ६ तथा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३ को उपनियम (५) बमोजिम बेतलबी अध्ययन विदा स्वीकृत गर्ने।

११.१२ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०८१ स्वीकृत गर्ने।

११.१३ बुढानीलकण्ठ नगरपालिकाको नगर युवा परिषद् कार्यविधि, २०७७ को दफा ५ (ख) अनुसार देहाय बमोजिमका सदस्यहरु मनोनित गर्ने।

(क) दिपक तामाङ, वडा नं.१

(ख) नेहा गुरुङ, वडा नं.१०

(ग) प्रयास पाण्डे, वडा नं.९

(घ) विष्णु श्रेष्ठ, वडा नं.१३

(ङ) अजय कुईंकेल, वडा नं.१२

११.१४ चालु आ.व.२०८१/८२ को लागि ४ जना नगर प्रहरीको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

११.१५ नगर पशुसेवा शाखालाई स्वच्छ दुध उत्पादन तथा परिकार सम्बन्धी तीन दिने तालिम सञ्चालन गर्न नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ पशु क्षेत्र अन्तर्गत सि.नं.९ दुध प्याकेजिङ्ग सहितको दुग्ध सङ्कलन केन्द्र स्थापना कार्यक्रम शीर्षकबाट भुक्तानी हुने गरी रु.१ लाख स्वीकृत गर्ने।

११.१६ नगरपालिकाको आ.व.२०७७/७८ को ठेक्का नं.NCB/BNP/077_78/015 को अन्तिम बिल भुक्तानी रकम रु.९,२९,६९१/- नगरस्तरीय वार्षिक योजनाको नगरका क्रमागत योजनाहरु अन्तर्गत पूँजीगततर्फ सि.नं.५२, नगर अस्पताल विविध अतिरिक्त निर्माण कार्य शीर्षकबाट दिने।

११.१७ बुढानीलकण्ठ शैक्षिक मञ्चद्वारा मिति २०८१ भाद्र १८ गते सम्पन्न गरेको तिज गित नृत्य प्रतियोगिताको लागि नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ शिक्षा क्षेत्र अन्तर्गत सि.नं.२६, विभिन्न कार्यक्रम व्यवस्थापन (शिक्षा दिवस, वातावरण दिवस विज्ञापन बैठक सञ्चालन) शीर्षकबाट रु.२ लाख भुक्तानी दिने।

१२. नगरपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको सम्बन्धमा देहाय बमोजिम गर्ने ।

१२.१ विपद् व्यवस्थापनको कार्यको लागि नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.४४ विपद् व्यवस्थापन तथा महामारी नियन्त्रण कोष शीर्षकबाट भुक्तानी हुने गरी देहाय बमोजिम रकम स्वीकृत गर्ने ।

| क्र.सं. | निवेदकको नाम | विपद् सम्बन्धी विवरण | स्वीकृत रकम |
|---|---|---|---|
| १. | रिजेश थापा मगर, वडा नं.५ | नयाँ ट्र्याक बनेको बाटोमा पहिरो गएकोले पहिरो व्यवस्थापन गर्न। | रु.३,१७,४४८/- |
| २. | सरिता सुनार बि.क, वडा नं.५ | निवेदकको घर अगाडि पहिरो गई घर जोखिममा रहेकोले पहिरो व्यवस्थापन गर्न। | रु.१ लाख |
| ३. | मेगा जडिबुटी मल्टिपल एग्रो फार्म प्रा.लि. विवेक बुढा, वडा नं.६ | मिति २०८१/४/१५ गतेको भारी वर्षाले लुडेखोलामा बाढी आई टनेल र तरकारी बालीमा क्षति पुऱ्याएकोले आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.४० हजार |
| ४. | रश्मि एण्ड रन्जना अर्गानिक कृषि फार्म, बु.न.पा.-६ | मिति २०८१/६/११ र १२ गतेको भारी वर्षाको कारण लुडेखोलामा बाढी आई टनेल र तरकारी बालीमा क्षति पुऱ्याएकोले आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.५० हजार |
| ५. | नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग नेपाल प्रहरी केन्द्रीय विशेष कार्यदल, बु.न.पा.-११ | कपन स्थित कार्यदलको मुख्य द्वारको दुबैतिर पहिरो गएकोले पहिरो नियन्त्रणका लागि ग्याविन जाली र ढुङ्गाको व्यवस्थापन गर्न। | रु.१० लाख |
| ६. | ङिमा माया तामाङ, बु.न.पा.११ | निवेदकको आँगनमुनि पहिरो गएकोले पहिरो रोकथाम गर्न आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.१५ हजार |
| ७. | राजेश पौडेल, बु.न.पा.-११ | जगडोल स्थित राजेश पौडेलको घरको अगाडि पट्टी पहिरो गएकोले पहिरो व्यवस्थापन गर्न। | रु.१ लाख |
| ८. | ११ नं. वडा कार्यालय | गैरी गाउँ खड्ग बहादुर बस्नेतको घर अगाडिको बाटो भासिएकोले बाटो ढलान तथा मंगल मर्मत गर्न। | रु.८,२१,९७५/- |
| ९. | राममाया वि.क., बु.न.पा.-१३ | निवेदकको घर अगाडि मिति २०८१/६/१० गतेको भारी वर्षाको कारण पहिरो गएकोले पहिरो व्यवस्थापन गर्न। | रु.१ लाख |

१३. सहयोग माग सम्बन्धमा देहाय बमोजिम गर्ने।

| क्र.सं. | माग गर्ने संस्था/निकाय/व्यक्ति | विषय/प्रयोजन | स्वीकृत रकम | भुक्तानी शीर्षक (नगरस्तरीय योजनाको) |
|---|---|---|---|---|
| १. | ग्रेट हिमालयन फाउण्डेशन Great Himalayan Foundation बु.न.पा.-१२ | नेपाली कथानक चलचित्र रातो घाम निर्माणको लागि आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.४० हजार | अन्य सहायता चालुतर्फ सि.नं.३६ |
| २. | Budhanilkantha School | Budhanilkantha National Math League 2025 for Grade 11/12, A levels, IB on January 11 and 12, 2025 को लागि आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.२० हजार | युवा तथा खेलकुद सि.नं.३ |
| ३. | ईन्टरनेशनल क्याकोसिन यूनियन नेपाल | २०८१ पौष महिनाको १२ र १३ गते मेयर कप राष्ट्रिय खेल आयोजना गर्न आर्थिक सहयोग स्वरुप। | रु.५० हजार | युवा तथा खेलकुद सि.नं.३ |
| ४. | Q TV NETWORKS KATHMANDU | विद्यार्थीहरुलाई इन्टरनेट र सामाजिक संजालको जोखिमबाट जोगाउन सचेतनामूलक तालिम एवं प्राविधिक वर्कसप संचालन गर्न। | रु.२ लाख | जनसङ्ख्या तथा सामाजिक समावेशीकरण, सि.नं.१९ |
| ५. | Trungram International Academy (TIA), Bnk-7 | 1st TIA Nationwide Chess Competition को लागि आर्थिक सहयोग स्वरुप नगद सहयोग | रु.२५ हजार | युवा तथा खेलकुद सि.नं.३ |
| ६. | नेवाः देय् दबु, बुढानीलकण्ठ | नेपाल संवत् ११४५ को उपलक्ष्यमा २०८१ कार्तिक १७ गते सम्पन्न भएको विविध साँस्कृतिक कार्यक्रम, मोटरसाईकल र्‍याली तथा खेलकुदका कार्यक्रमका लागि आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.१ लाख ५० हजार | अन्य सहायता चालुतर्फ सि.नं.३६ |
| ७. | सन्तोष लुईटेल, सम्पादक, राष्ट्रपाति डट कम | गुणस्तरीय शिक्षाको आधारः रमाइलो शुक्रबार कार्यक्रम सञ्चालन गर्न। | रु.२ लाख | शिक्षा क्षेत्र (शिक्षा, युवा तथा खेलकुद महाशाखाको सिफारिस अनुसार) |
| ८. | कुमारी मन्दिर संरक्षण समिति | प्लाष्टिक कुर्सि-२० थान खरिद गरी उपलब्ध गराउने। | रु.१५ हजार | फर्निचर तथा फिक्चर्स (पूँजीगततर्फ सि.नं.९८) |
| ९. | सरस्वती नेपाली | आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.२५ हजार | अन्य सहायता चालुतर्फ सि.नं.३६ |

१४. अन्य विषयहरुका सम्बन्धमा देहाय बमोजिम गर्ने।

१४.१ सडक बोर्ड नेपाल र नगरपालिकाको ७०/३० प्रतिशत सहलगानीमा सञ्चालन हुने गरी माग भई आएका तपसिल बमोजिमका आयोजना सञ्चालनको लागि नगरस्तरीय पूँजीगत खर्चतर्फको सि.नं.१० को आन्तरिक सह-लगानीबाट व्यहोर्ने गरी निम्नानुसार रकम स्वीकृत गर्ने।

| क्र. सं. | आयोजनाको विवरण | वडा नं. | कुल स्वीकृत रकम | नगरपालिकाले व्यहोर्ने रकम (३० प्रतिशत) | सडक बोर्ड नेपालले व्यहोर्ने रकम (७० प्रतिशत) |
|---|---|---|---|---|---|
| १. | ढुङ्ग्यान सडक मर्मत तथा पर्खाल निर्माण, | ११ | रु.२० लाख | रु.६ लाख | रु.१४ लाख |
| २. | विन्ध्यवासिनी सडक ढलान तथा पर्खाल निर्माण | ११ | रु.२० लाख | रु.६ लाख | रु.१४ लाख |
| ३. | कपन विन्ध्यवासिनी ढल तथा सडक निर्माण | ११ | रु.२० लाख | रु.६ लाख | रु.१४ लाख |
| ४. | कान्तिपुर नमुना वस्ती | ४ | रु.१० लाख ४० हजार | रु.३ लाख १२ हजार | रु.७ लाख २८ हजार |
| ५. | जगडोल भञ्ज्याङ गणेश मन्दिर बाटो ढलान | १३ | रु.२० लाख | रु.६ लाख | रु.१४ लाख |
| ६. | च्यानेखोला वाल तथा ढलान | १३ | रु.१६,७४,२८५/- | रु.५ लाख २ हजार २ सय ८५ | रु.११ लाख ७२ हजार |
| जम्मा | | | रु.१,०७,१४,२८५/- | रु.३२,१४,२८५/- | रु.७५ लाख |

१४.२ चालु आ.व.२०८१/८२ का लागि स्वास्थ्य क्षेत्र अन्तर्गत सि.नं.५ नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन शीर्षकमा विनियोजन स्वीकृत भएको रकम मध्येबाट अनुसूची-१ खर्च शीर्षकहरु बमोजिम प्रचलित कानून बमोजिम सम्पूर्ण जिम्मेवारी र जवाफदेहिता रहने गरी नगर अस्पताल निर्देशकलाई अख्तियारी प्रत्यायोजन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

१४.३ NCB/BNP/CW/080_081/34, Madan Ashrit Adharbhoot , Ward No. 4 को Variation Order (VO) रकम थप रु.१,५५,३२५/६२ स्वीकृत गर्ने।

१४.४ तपसिलको ठेक्काको सम्बन्धित निर्माण कम्पनीबाट थप Bank Guarantee, Insurance र work schedule माग गरी देहाय बमोजिम म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

| S.N. | Tender No. | Tender Details | Extension of Time |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| 1. | NCB/BNP/CW/077_078/37 | Construction of Agriculture Market in Budhanilkantha Municipality , Ward No.2 | 2081/11/28 |
| 2. | NCB/BNP/CW/077_078/38 | Construction of Samudayik Bhawan, Ward No.9 | 2081/10/20 |

१४.५ नगरपालिकाका १३ जना विद्यार्थीहरुलाई ग्लोबल हेल्प फाउण्डेसन, नक्सालद्वारा मिति २०८१ मंसिर २९, ३० र ३१ गते धुलिखेल काभ्रेमा आयोजना हुने GHF MUN कार्यक्रममा १३ जना विद्यार्थी सहभागी गराउन प्रति विद्यार्थी रु. १० हजारका दरले रु.१ लाख ३० हजार नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ शिक्षा क्षेत्रमा विनियोजन भएको रकमबाट भुक्तानी हुने गरी स्वीकृत गर्ने।

१४.६ नगर शिक्षा समितिको मिति २०८१/०५/३० को बैठकको निर्णय कार्यान्वयन गर्ने गरी अनुमोदन गर्ने।

१४.७ वडा नं.२ मा नगर बसपार्क निर्माणको लागि जग्गाधनी जगनन्द प्रकाशेश्वर गुठी मोही भरत बहादुर थापा क्षेत्री, हरीशरण थापा र उद्धव बहादुर थापा समेतको नाममा कायम रहेको साविक चपली वडा नं.८ सिट नं. १०२-०९०८-०९ कि.नं.७८, ८२, ९२ र ८० क्षेत्रफल क्रमशः ३९७.००, ६३.९३, ५६.६४, ७८५.९० व.मी. जग्गाहरु जग्गा खरिद गर्ने र उक्त बसपार्क निर्माण हुने स्थानमा गुठी र मोही जग्गा समेत रहेको हुँदा आवश्यक प्रकृया गुठी संस्थानको सहमतिमा अगाडी बढाउने।

१४.८ वडा नं.७ को प्रशासनिक भवनको परिसर निर्माण गर्न नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.४१ अत्यावश्यक योजना तथा कार्यक्रम सञ्चालन शीर्षकबाट भुक्तानी हुने गरी रु.५ लाख स्वीकृत गर्ने।

१४.९ बुढानीलकण्ठ नगरपालिकाका स्थायी बासिन्दा, कर्मचारी तथा परिवारलाई निःशुल्क रगत उपलब्ध गराउने सम्बन्धी नेपाल रेडक्रस सोसाईटी, केन्द्रीय रक्तसञ्चार सेवा, काठमाडौंसँग सम्झौता गर्ने।

१४.१० NCB/BNP/CW/077_078/38, Construction of Samudayik Bhawan, Ward No.9 को Variation Order (VO) रकम थप रु.२९,९५,९२७/२२ स्वीकृत गर्ने तथा Variation Order (VO) बाट थप भएको कामको भुक्तानी गर्न अपुग हुने रकम रु.१४,७०,८७२/७६ वडा नं.९ को सिफारिस बमोजिम वडास्तरीय वार्षिक योजनाको पूँजीगत खर्च शीर्षकतर्फ सि.नं.२ वडा कार्यालयको सभाहल व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने।